# लेखापरीक्षण प्रतिवेदन

## बडिकेदार गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बडिकेदार गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/135

श्रीमान् अध्यक्षज्यू,
बडिकेदार गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, डोटी।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/135

श्रीमान अध्यक्षज्यू,

बडिकेदार गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, डोटी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. ९५ करोड ४६ लाख ९८ हजारको लेखापरीक्षणबाट रु. ७७ लाख ६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ४ लाख ६८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ६ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १० लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. ५४ लाख २७ हजार र पेश्की बाँकी रु. १ लाख ५० हजार गरी जम्मा रु. ७२ लाख ३८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १७ करोड ५३ लाख ४१ हजार मध्ये रु. ७ लाख ८७ हजार सम्परीक्षण भई मा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १८ करोड १७ लाख ९२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७९ | १७ | ७७,०५,९७२ | ० | २ | ४,६८,४३७ | ० | ७९ | १५ | ७२,३७,५३५ | ६,२६,८८२ | ५४,२६,५०५ | १०,३४,१४८ | ० | ० | ६४,६०,६५३ | १,५०,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | १७,५३,४०,९८८ | ० | ७,८६,७६१ | १७,४५,५४,२२७ | ० | ७२,३७,५३५ | १८,१७,९१,७६२ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५३ | बढी भुक्तानी | ७०,००० |
| २ | २०८१/८२ | ३६ | दोहोरो भुक्तानी | ३,९८,४३७ |
| ३ | २०८०/८१ | १०३ | विषादि वितरणको भर्पाई | २,७९,९१० |
| ४ | २०७८/७९ | ४० | असुल गर्नुपर्ने | १,१०४ |
| ५ | २०७५/76 | 58 | अनुगमन भत्ता | १,४०,००० |
| ६ | २०७५/७६ | ५९ | भ्रमण भत्ता | ८,३०० |
| ७ | २०७५/७६ | 60 | भ्रमण भत्ता | ९,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७५/७६ | ७४ | उपचार खर्च | ८९,४४७ |
| ९ | २०७६/७६ | २५ | प्रोत्साहन भत्ता | ३५,००० |
| १० | २०७६/७७ | ९८ | मोबाइल | २४,००० |
| ११ | २०७६/७७ | १०१ | भ्रमण खर्च | २,००,००० |
| जम्मा | | | | १२५५११९८ |

# बडीकेदार गाउँपालिका, डोटी

# ( ८०७७१५०५३०० )

# बडीकेदार गाउँपालिका , डोटी

# परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय** - स्थानीय शासन पद्धतिसुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिकअभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीयसरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेका छन् भने क्षेत्रफल ३३२.५५ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार १४९०२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१९ देखि २०८२।८।२१ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय – व्ययतर्फ गरी जम्मा रु. ९५ करोड ४६ लाख ९७ हजार ६८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २ लाख ८८ हजार ९४८ असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | अनुदान बढी भुक्तानी | ६,००० |
| २ | बढि भुक्तानी असुली | २८०० |
| ३ | बढी तलब भुक्तानी | ४,२५९ |
| ४ | बढि भुक्तानी असुली | १०,७३० |
| ५ | बढी भुक्तानी असुली | २४,७३६ |
| ६ | बैठक भत्ता असुली | ४३,३५० |
| ७ | सामाजिक सुरक्षा फिर्ता | २५,०७३ |
| ८ | सामुदायिक सिकाई केन्द्रको बढी निकासा फिर्ता | ३२००० |
| ९ | आवासिय छात्रवृत्ति बढी निकासा फिर्ता | १४०००० |
| | जम्मा | २८८९४८ |

**झ) वित्तीय प्रतिवेदन** -स्थानीयसरकार सञ्चालन ऐन, २०७४को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथाखर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्रलेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषकोआय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसारदेखिएको छः

आर्थिक कारोबारको एकीकृत विवरण

**आर्थिक वर्ष २०८१/८२**

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४७६११२६९.६२ | १ | चालु खर्च | | २७९२२६१०७.३३ |
| | क. संचित कोष | ४०११५१०९.७९ | | | क. पालिका चालु | १११३०३३००.५२ | |
| | ख. धरौटी | ४९३११२२ | | | ख. पालिका शिक्षा चालु | १००००० | |
| | ग. स्थानीय तह विविध खर्च खाता | २५६५०३७.८३ | | | ग. सर्शत चालु संघ | १६७३५५६३४.८१ | |
| २ | राजस्व ( आन्तरिक आय) | | ८२८९५५३५.०९ | | घ. सशर्त चालु प्रदेश | ४६७१७२ | |
| | क) आन्तरिक राजस्व | ४०५६८७७.९१ | | २ | पूँजीगत खर्च | | ९२०४८६७९.७८ |
| | ख) राजस्व बाँडफाँड संघीय सरकार | ७५४८२८३२.६७ | | | क. पालिका पूँजीगत | ६७५५४३५५.७८ | |
| | ग) राजस्व बाँडफाँड प्रदेश सरकार | ३१८९५२६.७१ | | | ख. संघीय सर्शत अनुदान | ९९०३५५ | |
| | घ) राजस्व बाँडफाँड स्थानिय | १६६२९७.८ | | | ग. संघीय समपूरक अनुदान | ७०२११२७ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २६३९९४७०८ | | घ. प्रदेश सर्शत अनुदान | ९७१५६२० | |
| | क) वित्तिय समानीकरण अनुदान | ७३०४०९६० | | | ङ. प्रदेश विशेष अनुदान | ५७६९४२७ | |
| | ख) सशर्त अनुदान | १७६३७४५०० | | | च. प्रदेश समपूरक अनुदान | ९९७७९५ | |
| | ग) समपूरक अनुदान | ७०२११२७ | | ३ | कोष तर्फ | | १५६२२६७० |
| | घ) विशेष अनुदान | ७५५८१२१ | | | क. धरौटी खर्च | १०७५६३६ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २४६१३६१४ | | ख. स्थानीय तह विविध खर्च खाता | १४५४७०३४ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६६०८००० | | ४ | मौज्दात | | २८२७१६४९.२९ |
| | ख) सशर्त अनुदान | १०६७९७१८ | | | क. संचित कोष | २३६३१३७६.४६ | |
| | ख) समपुरक अनुदान | १५०५६३६ | | | ख. धरौटी | ४२०७४८६ | |
| | ग) विशेष अनुदान | ५८२०२६० | | | ग. स्थानीय तह विविध खर्च खाता | ४३२७८६.८३ | |
| ५ | कोष तर्फ | | १२७६६७८३ | ५ | अनुदान फिर्ता | १६७१२८०३.३१ | १६७१२८०३.३१ |
| | क. धरौटी आय | ३५२००० | | ६ | अन्तर स्थानीय तहबाट प्राप्त | | ८३४०८३९४ |
| | ख. स्थानीय तह विविध खर्च खाता | १२४१४७८३ | | | क सामाजिक सुरक्षा | ५३९५३५०६ | |
| ६ | अन्तर स्थानीय तहबाट प्राप्त | | ८३४०८३९४ | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २८३०८८८८ | |
| | क सामाजिक सुरक्षा | ५३९५३५०६ | | | ग) विद्यालय शिक्षा क्षेत्र | ११४६००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | योजना | | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २८३०८८८८ | | | | | |
| | ग) विद्यालय शिक्षा क्षेत्र योजना | ११४६००० | | | | | |
| | जम्मा | ५१५२९०३०३.७१ | ५१५२९०३०३.७१ | | जम्मा | ५१५२९०३०३.७१ | ५१५२९०३०३.७१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ **वित्तीय विवरणको विश्लेषण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ३९ लाख ५३ हजार ५०६, विद्यालय क्षेत्र सुधार कार्यक्रमको रू. ११ लाख ४६ हजार रस्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ करोड ८३ लाख ८ हजार ८८८ समेत गरी रू. ८ करोड ३४ लाख ८ हजार ३९४ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.८ करोड ३४ लाख ८ हजार ३९४ र यस वर्षको भुक्तानी रु.८ करोड ३४ लाख ८ हजार ३९४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३८,४२,७०,६४०.०९ | ४०,३६,१०,२६०.४२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४६,७६,७९,०३४.०९ | ४८,७०,१८,६५४.४२ |
| फरक | ८,३४,०८,३९४. | ८,३४,०८,३९४. |

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाँकी रू. | बैंक अनुसारबाँकी रू. | फरक |
|---|---|---|---|
| ग ३.१ स्थानीय तह धरौटी खाता | ४२०७४८६. | ४२७४३५६ | ६६,८७० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २५९३२४.६१ | २९९४०७३७.४६ | २९,६८१,४१३ |
| स्थानीय तह विविध खर्च खाता | ४३२७८६.८३ | ४८७९९९८.७५ | ४,४४७,२१२ |
| चालु खर्च खाता | १४८०६१५९.०५ | ९१४५७३.९१ | -१३,८९१,५८५ |
| पुँजिगत खर्च खाता | ७९६५२६५.९५ | ४४८५८६९.९५ | -३,४७९,३९६ |
| आन्तरिक राजस्व खाता | ६००६२६.८५ | ० | -६००,६२७ |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | | ९३,०७७ | ९३,०७७ |
| **जम्मा** | **२८२७१६४९.२९** | **४४५८८६१३.०७** | **१६,३१६,९६४** |

स्रेस्ताअनुसार मौज्दात रु. **२,८२,७१,६४९.२९** र बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. **४,४५,८८,६१३.०७** बीच फरक रु. **१,६३,१६,९६४.००** पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाले खर्च खातालाई शुन्य नबनाई चालु खर्च खातामा रू.१,४८,०६,१५९.०५, पुँजिगत खर्च खातामा रू.७९,६५,२६५.९५ र आन्तरिक राजस्व खातामा रू.६,००,६२६.८५ मौज्दात रहेको पाइयो। तोकिएको समयमा उक्त खाता शुन्य बनाई नियमको पालनामा ध्यान दिनुपर्दछ।

२.५ कर दायित्व - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,३८,८६३.१२ देखाएको छ। एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३८,८६३.१२ |

## ३ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. १ करोड ६७ लाख १२ हजार ८०३.३१ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ। पालिकाले रू. १ करोड ६६ लाख ४२ हजार २३१.१९ फिर्ता हुनुपर्नेमा रू. ७० हजार ५७२.१२ बढी फिर्ता गरेको छ। पालिकाले फिर्ता गर्नुपर्ने अनुदान रकम एकिन गरि सोही अनुसार अनुदान फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने | फिर्ता रकम | फिर्ता गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| | शसर्त चालु | १७५३७४५००. | १५९८०४०९६.३८ | १५५७०४०३.६२ | १५६४०८४०.३१ | -७०४३६.६९ |
| **संघीय सरकार** | शसर्त पुँजिगत | १००००००. | ९९०३५५. | ९६४५. | ९६४५. | ०. |
| | समपुरक | ७०२११२७. | ७०२११२७. | ०. | ०. | ०. |
| | विशेष | ७५५८१२१. | ७५५१५३८.४३ | ६५८२.५७ | ६५८३. | -०.४३ |
| **प्रदेश सरकार** | शसर्त चालु | ५०२७००. | ४६७१७२. | ३५५२८. | ६५२८. | २९०००. |
| | शसर्त पुँजिगत | १०१७७०१८. | ९७१५६२०. | ४६१३९८. | २३८१४२. | २२३२५६. |
| | विशेष पुँजिगत | ५८२०२६०. | ५७६९४२७. | ५०८३३. | २०५४२९. | -१५४५९६. |
| | विशेष चालु | ५८२०२६०. | ५७६९४२७. | ०. | ०. | ०. |
| | समपुरक | १५०५६३६. | ९९७७९५. | ५०७८४१. | ६०५६३६. | -९७७९५. |
| | **जम्मा** | २१४७७९६२२. | १९८०८६५५७.८१ | १६६४२२३१.१९ | १६७१२८०३.३१ | -७०५७२.१२ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· विभिन्न म.ले.प.फा.नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म.ले. प.फा.नं. मध्येसवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिवेदन ९०९ र म.ले.प.फा.नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगतखर्च निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुँदा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने नपर्ने के हो एकीन भएन,

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यिनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालनागरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन दिनुपर्नेमा कार्यस्वीकार प्रतिवेदन तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· स्थानीय सेवा ऐनबमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामकोकार्य विवरण बनाई लागु गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिमरु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· स्थानीयतहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृतिदिन सक्ने व्यवस्था भएकोमासो अनुसार गरेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ५ आन्तरिक आय तर्फ

५.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारिण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८,८६,०८,३२२.०० | ४०,५६,८७७.९१ | १.४० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५.२ **विगत तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। तीन वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ५०,९१,३३०.०२ | २७,४१,३३१.०१ | ५३.८४ |
| २०८०/८१ | १,०६,३०,८६१.२८ | ४०,३५,८४२.६४ | ३७.९६ |
| २०८१/८२ | १,६३,००,०००.०० | ४०,५६,८७७.९१ | २४.८९ |

उपर्युक्त विवरण अनुसार आ.व. २०७९/८० मा रु. ५० लाख ९१ हजार आन्तरिक आय अनुमान गरिएकोमा रु. २७ लाख ४१ हजार (५३.८४ प्रतिशत), आ.व. २०८०/८१ मा रु. १ करोड ६ लाख ३० हजार आय अनुमान गरिएकोमा रु. ४० लाख ३५ हजार (३७.९६प्रतिशत) र आ.व.

२०८१/८२ मा रु. १ करोड ६३ लाख आय अनुमान गरिएकोमारु. ४० लाख ५६ हजार (२४.८९ प्रतिशत) आयप्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

५.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर, व्यवसायले भुक्तानी गर्ने र व्यवसायी कर वापत रु. १६,३४,२०३।००कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

५.४ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

५.५ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकेको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ वोर्ड, ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। विद्युतीय प्लेटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

५.६ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

५.७ **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले एम्बुलेन्स प्रयोग वापत असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ सम्बन्धितलाई के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ। साथै राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

५.८ **पालिकाको लोडर र एक्साभेटरबाट भएको सडक मर्मतको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी गरेको Norms rate of plant and

machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। नमुना परीक्षणको क्रममा पालिकाले ईन्धन प्रयोग गरी आफ्नै ब्यकहोलोडर प्रयोग गरी यस वर्ष विभिन्न स्थानका सडक मर्मत, निर्माण तथा सरसफाई गरे वापत दक्षिणकालि आयल स्टोरलाई रू. ६८ लाख ९८ हजार ४६१ इन्धन खर्च लेखेको छ। पालिकाले तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न गर्नु पर्दछ।

## ६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलापहरु सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## ७ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ५ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ६ |
| | **पञ्जिकरणतर्फ** | **८६५** |
| २ | जन्मदर्ता | ४९० |
| ३ | मृत्युदर्ता | १०१ |
| ४ | बसाईसराई दर्ता | १४३ |
| ५ | विवाह दर्ता | १३० |
| ६ | सम्बन्धविच्छेद दर्ता | १ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ७ | ग्राभेल सडक निर्माण | ८८.१३ |
| ८ | ग्राभेल सडक मर्मत | ९८.२६ |

पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता तथा अन्य विषयहरु सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख प्राप्त हुँन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नअनुसार वडागत र पालिकास्तरका कुल १४३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | योजना सङ्ख्या | रु.१० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| १. | १४३ | २० | २४ | ९९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत कमि आउन सक्ने हुन्छ। पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## १० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोछ। पालिकाले ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.४२ करोड ६७ लाख ४८ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## १२ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकायमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| कार्यक्रम/ योजना | कुल खर्च रकम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| ५३० | ३७,१२,७४,७८७.११ | १२८ | १६ | ३३ | ३४ |

पालिकाबाट यस वर्ष सञ्चालित १२८ योजनामा शुन्य प्रगति भएको उल्लेख छ। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वियन भएको देखिदैन। योजना तथा कार्यक्रमको शून्य प्रगति हुनुले पालिकाको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। प्राथमिकीकरण गरी कार्यान्वियन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट (हजारमा) | खर्च(हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १४७६० | ८०६१ | २.१७ |
| २ | पूर्वाधार विकास | ११४६६७ | ८९०९८ | २४.०० |
| ३ | सामाजिक विकास | १६९०६८ | १४४२५५ | ३८.८५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६६० | ५०९ | ०.१४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १६३१९३ | १२९३५१ | ३४.८४ |
| **जम्मा** | | ४६२३४८ | ३७१२७४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३८.८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.१४ प्रतिशत रहेको छ।

१४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४० लाख ५६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३६ करोड ७४ लाख ४६ हजार समेत रु. ३७ करोड १५ लाख ३ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२७ करोड ९२ लाख २६ हजारर पूँजिगत तर्फ रु. ९ करोड २० लाख ४८ हजार समेत रु. ३७ करोड १२ लाख ७४ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.५९ लाख ४४हजार ९८४ खर्च भएको छ जुन आन्तरिक आयको १४६.५७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.२० प्रतिशत चालु र २४.८० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१५ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च(हजारमा) | | | | आषाढ महिनाकोखर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ९२०४८.०० | २४३४.०० | १४६८१.०० | ७५७३.०० | ६७३६०.०० | ५१८९५.०० |
| प्रतिशत | १००.०० | २.६४ | १५.९५ | ८.२३ | ७३.१८ | ५६.३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ९ करोड २० लाख ४८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा २.४६ प्रतिशत, दोस्रो त्रैमासिकमा १५.९५ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ८.२३ प्रतिशत र चौथो त्रैमासिकमा ७३.१८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड १८ लाख ९५ हजार (५६.३८ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१६ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तैआर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन, २०७६ कोदफा २० मा कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ५४ कार्यक्रम घटाई ६४ कार्यक्रममा बढाएर विभिन्न शीर्षकमा कुल रु. १२ करोड २८ लाख ७२ हजार रकमान्तर गरी अधिकांश शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा व्यवस्था नगरी एक शीर्षकबाट रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

१७ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.४,०१,१५,१०९.७९संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.४,७२,०००।००बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ।त्यसै गरी आ.व. २०८१/८२ मा संचित कोष रु. २,३६,३१,३७६.४६मौज्दात रहेकोमा आ.व. २०८२/८३ को लागि रु. ३९,७४,६५६।००भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ।यसरी स्रोतको सुनिश्चितता विना दायित्व सृजना हुने गरी आयोजना तथा कार्यक्रममा रकम विनियोजन तथा दायित्व सृजना गर्ने कार्यले पालिकाले बजेट अनुशासन पालना गरेको देखिदैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ।

१८ **सार्वजनिक सुनुवाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष एक पटक सार्वजनिक सुनुवाई गरेको छ। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१९ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८१.५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन ध्यान जानु जरुरी देखिन्छ।

२० **कानून निर्माण र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ६ वटा नियमावली, २६ वटाकार्यविधि, ४ वटा निर्देशिका, १ वटा नीति र १ वटा आचारसंहित गरी ५० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

२१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट सहकारी संस्थाहरुले विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३० जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन तथा प्राविधिक तर्फ गरी १० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ८६ जना विभिन्न व्यक्तिहरुलाई रु. ६,१४,०००।०० आर्थिक सहायता र विपत राहत रु. ७,५०,०००।०० समेत जम्मा रु. १३,६४,०००।०० वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४०,५६,८७७.९१ को

३३.६२ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आय संकलनको अवस्थालाई समेत ध्यान दिई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

२४ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना, अतिथी सत्कार तथासभा सञ्चालन) तर्फ रू. १९ लाख ९९ हजार ८०८ खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आयरू. १,५०,९०,०२२.२६ को ३१.४८ प्रतिशत हुन आउँछ।यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

२५ **इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका, २०८१ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष इन्धनमा कार्यालय प्रयोजनमा रू.८,९३,६१८.०० र इन्धन (पदाधिकारी) मा रू.४,९९,९३०.०० गरी रू. १३,९३,५४८।०० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

२६ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मत गराउदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नु पर्नेमा१ चार पाङ्ग्रे, १ ब्यकहोलोडर, १ एक्जाभेटर, २ एम्बुलेन्स, १ ट्याक्टर रर १८ वटा मोटरसाइकल मर्मत वापत सोझै खरिद गरी रू.४४ लाख ३५ हजार ४१४ भुक्तानी गरेको छ। तसर्थ पालिकाले खरिदमा प्रतिस्पर्धा कायम हुने गरी मितव्यायि तरिकाले मर्मत खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२७ **भ्रमण खर्च अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत टाँस गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण खर्चमा रू. ३,१७,२५८।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

२८ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त समिति गठन गरेको भए पनि ऐनमा उल्लेखित व्यवस्था बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम समितिलाई सक्रिय बनाउनुपर्दछ।

२९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९२०४८६७९.७८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३० **प्राविधिकबिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३१ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानिकरण अनुदानबाट कर्मचारी कल्याण कोषमा रू. १५ लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन।पालिकाले कर्मचारीकोसमेत योगदान रहने गरी कानून बमोजिम कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्दछ।

३२ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत सवारी साधन मर्मत तथा इन्धनमा रू. ८ लाख, कार्यालय सञ्चालन तथा अनुगमन तथा फिल्ड भत्तामा रू. १५ लाख र अन्यमा रू. ७ लाख गरी जम्मा रू. ३२ लाख खर्च गरेको छ। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित र मितव्यायी बनाउन आवश्यक कार्यविधि तयार गरी लागु गर्नुपर्दछ।

३३ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक प्राविधिक तथा अन्य पदमा गरी ७ जना कर्मचारीहरु करारमा नियुक्त गरी वार्षिक तलव भत्ता वापत रू. २६,९४,३१२।०० भुक्तानी गरेको नियम सम्मत देखिएन। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ। रु.

| | |
|---|---|
| अनियमित भएको | २६,९४,३१२ |

३४ **आय तथा राजस्व व्यवस्थापन**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म.ले.प.फा.नं. १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म.ले.प.फा.नं. १०८

राजस्व प्राप्तिको बैक नगदी किताव, म.ले.प.फा.नं. १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका म.ले.प. फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू. ४०,५६,८७७।०० राजश्व आम्दानी गरेको विवरण पेश गरेकोमा राख्नुपर्ने उल्लिखित म.ले.प. फारमहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला हुने गरेको देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

३४.१ **फरक राजश्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनुपर्ने उल्लेख छ। पालिकाको श्रेस्तामा आन्तरिक आय रु.४०,५६,८७७।०० रहेकोमा बैंक स्टेटमेण्ट अनुसार यस वर्ष रु. ४५,०१,१९६।९१ जम्मा भएको देखिन्छ। श्रेस्ता भन्दा बैंकमा रु. ४,४४,३१९।०० बढी संकलन भएको सम्बन्धमा पालिकाले यकिन गरी आन्तरिक आयलाई श्रेस्ता र वैंक अनुसार अद्यावधिक गर्नुपर्दछ।

३४.२ **एम्बुलेन्सको आय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा कार्यालयलाई प्राप्त राजश्व राजश्व खातामा(नन्अपरेटिभ रेभिन्यू एकाउण्ट) मा जम्मा गर्नु पर्ने उल्लेख छ। पालिकाले खर्च गर्दा विनियोजन ऐन बमोजिम खर्च गर्नु पर्दछ। पालिकले एम्बुलेन्सबाट रसिद नं ८०९ देखी ८५० सम्म र २५१६ देखी २५४० सम्म रु २,९६,८४० संकलन गरेकोमा सोही राजश्वबाट सोझै नगद ईन्धन र मर्मतमा रु. २,४५,०८७।०० खर्च गरको छ भने रु. ५१,७४३। जम्मा गरेको छ। पालिकाले नियमानुसार राजश्व संकलन गरी सम्बन्धित राजश्व शीर्षकमा दाखिला गरी विनियोजन ऐन अनुसार खर्च गर्नुपर्दछ।

३५ **अनुदान वितरण**

पालिकाले यस वर्ष ५० प्रतिशत लागत साझेदारीमा अल्लो प्रशोधन उद्योग प्रवर्द्धनको लागि पशुपती अल्लो प्रशोधन तथा मसला उद्योगलाई रू. १० लाख अनुदान भुक्तानी गरेको छ। पालिकाबाट उपलब्ध गराइएको उक्त अनुदानबाट अल्लो प्रशोधनको लागि भवन निर्माण तथा अल्लो प्रशोधन मेसिन खरिद गरिएको विवरण पेश भएको छ। पालिकाले अनुदानग्राहीको नियमित अनुगमन तथा नियमन गरी व्यवसायीक निरन्तरता तर्फ केन्द्रित हुनुपर्दछ।

३६ **दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३९८,४३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **विउ विजन केन्द्र निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत विउ विजन केन्द्र वडा नं. ३ मा निर्माण गरी रू. ५ लाख ७६ हजार भुक्तानी गरेको देखिन्छ। निर्माण गरिएको विउ विजन केन्द्र अझै सम्म पनि प्रयोगमा ल्याएको देखिदैन। निर्मित संरचना प्रयोगमा नआउँदा जिर्ण हुँदै जाने तथा मर्मत सम्भारमा समेत थप आर्थिक भार बढ्ने देखिन्छ। पालिकाले निर्माण गरेको विउ विजन केन्द्रसञ्चालन ल्याउनु पर्दछ।

३८ **पाइप मौज्दात**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले निर्धारित कार्यमा बजेट खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष विभिन्न साइजका रू. १५,७७,५३०।०० को २४,०४४ मिटर पाइप मौज्दात रहेको विवरण पेश भएको छ। मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी खरिद गरिएका पाइप प्रयोगमा ल्याउनु पर्दछ।

## ३९ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ। पालिकाले विगत वर्ष सफ्टवेयर खरिदमा रू. ८ लाख ४७ हजार १९४खर्च गरेको छ। खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन। कार्यालयले सफ्वेयर सम्बन्धित निकायबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरकोनाम | कम्पनी | खरिदआ.व. | खरिदमुल्य | वार्षिक मर्मत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | योजना व्यवस्थापन प्रणाली | सफ्ट टेक इन्फोसिस प्रा.लि. | २०७७/७८ | २,९९,४५० | ० | सञ्चालनमा नरहेको |
| २ | विद्युतिय हाजिरी प्रणाली | सफ्ट टेक इन्फोसिस प्रा.लि. | २०७७/७८ | २,९७,७४४ | ० | सञ्चालनमा रहेको |
| ३ | डिजिटल नागरिक वडापत्र | स्मार्ट पालिका प्रा.लि. | २०७८/७९ | २,५०,००० | ० | सञ्चालनमा नरहेको |
| **जम्मा** | | | | **८,४७,१९४** | ० | |

खरिद गरिएका उल्लेखित सफ्टवेयर मध्ये योजना व्यवस्थापन प्रणाली र डिजिटल नागरिक वडापत्र प्रणाली प्रयोगमा आएको देखिएन। पालिकाले खरिद गरिएका सफ्टवेयरहरु प्रयोगमा ल्याउनु पर्दछ।

## ४० लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ४१ उपभोक्ता समिति मार्फत कार्य

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ। पालिकाले १० प्रतिशत उपभोक्ता समितिको लागत सहभागिता रहने गरी योजनाको सम्झौता तथा भुक्तानी गरेको छ। पालिकाले नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ४२ रकमको भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रू. २० हजार भन्दा बढीको खरिद गर्नु पर्दा मु अ कर मा दर्ता भएको र सो भन्दा कमको हकमा स्थायी लेखा नम्बर प्राप्त व्यक्ति फर्म संस्था वा कम्पनिहरुबाट मात्र खरिद हुने व्यवस्था गरिएको छ। सार्वजनिक निकायको परिभाषामा सरकारको अनुदान वा ऋणबाट संचालित संस्था समेतलाई जनाएको अवस्थामा पालिकाको बजेट कार्यान्वियन गर्ने तथा अनुदान बाट संचालित उपभोक्ता समितिहरु समेत सार्वजनिक निकाय हुने भएकोले उल्लिखित दुबै नियमावली उपभोक्ता समितिलाई समेत लागु हुने देखिन्छ। यो वर्ष पालिकालाई उपभोक्ता समितिहरुले पेश गरेका खर्चका प्रमाण परीक्षण गर्दा व्यावसायिक रुपमा संचालनमा रहेका डोजर/ टिप्पर धनिहरुले स्थायी लेखा नम्बर समेत नलिएको र विल विजक समेत जारी नगरी ठाडो भरपाई मात्रै गर्ने गरेको देखिन्छ। जसले गर्दा उक्त भरपाईलाई खर्चको यथार्थ प्रमाणको रुपमा ग्रहण गर्न कानूनी अस्पष्टता रहेको देखिन्छ। तसर्थ व्यावसायिक कारोवार गर्ने उद्देश्यले खरिद गरी सोही अनुसार प्रयोग गर्ने डोजर तथा टिप्पर व्यवसायीलाई विधिवत रुपमा दर्ता गराई कारोवार गर्न पालिकाले भुमिका खेल्नु पर्दछ।

## ४३ एक्सरे भवन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ।एक्सरे मेसिन खरिद तथा एक्सरे भवन निर्माण (02/BRM/SQ/G/2081-082) कार्यको लागि लागि पालिका र गोदावरी मेडिसिन सप्लायर्स विच रू.१५,९६,०००।०० (मू. अ कर र पि.एस. सहित) मिति २०८१।१२।२ मा सम्झौता भई आपूर्ति भएको सामाग्री अझै सम्म जडान गरेको पाइएन। खरिद गरेका एक्सरे समाग्री प्रयोगमा नआउँदा विग्रने तथा मर्मत सम्भारमा समेत थप आर्थिक भार बढ्ने देखिन्छ। पालिकाले खरिद गरेका एक्सरे मेसिन तथा सामाग्री जडान गरी सञ्चालनमा ल्याउनुपर्दछ।

## ४४ स्वास्थ्य तथा औषधि व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको स्वास्थ्य तर्फको दरबन्दी संरचना र पदपूर्ती अवस्था देहाएबोजिम रहेको छ ।

| कार्यालय | स्वीकृत दरबन्दी | सख्या | पदपुर्ति | स्थायी | करार | रिक्त |
|---|---|---|---|---|---|---|
| गाउँपालिका स्वास्थ्य शाखा | स्वा.शा.प्र. | १ | १ | १ | ० | ० |
| गाउँपालिका स्वास्थ्य शाखा | प.हे.न. | १ | १ | १ | ० | ० |
| | हे.अ.\ सि.अ.हे.व(छैटौ | १ | १ | १ | ० | ० |
| | हे.अ.सि.अ.हे.ब.(पाँचौ) | २ | २ | १ | १ | ० |
| | सि.अ.न.मी(पाँचौ) | २ | २ | १ | १ | ० |
| बर्छेन स्वास्थ्य चौकी | का.स. | १ | १ | ० | १ | ० |
| | हे.अ.\ सि.अ.हे.व(छैटौ | १ | १ | १ | ० | ० |
| | हे.अ.सि.अ.हे.ब.(पाँचौ) | २ | २ | १ | १ | ० |
| | सि.अ.न.मी(पाँचौ) | २ | २ | १ | १ | ० |
| घाँगल स्वास्थ्य चौकी | का.स. | १ | १ | ० | १ | ० |
| | हे.अ.\ सि.अ.हे.व(छैटौ | १ | १ | १ | ० | ० |
| | हे.अ.सि.अ.हे.ब.(पाँचौ) | २ | १ | १ | ० | १ |
| | सि.अ.न.मी(पाँचौ) | २ | २ | १ | १ | ० |
| मान्नाकापडी स्वास्थ्य चौकी | का.स. | १ | १ | ० | १ | ० |
| | हे.अ.\ सि.अ.हे.व(छैटौ | १ | १ | १ | ० | ० |
| | हे.अ.सि.अ.हे.ब.(पाँचौ) | २ | २ | १ | १ | ० |
| | सि.अ.न.मी(पाँचौ) | २ | २ | २ | ० | ० |
| लानाकेदारेश्वर स्वास्थ्य चौकी | का.स. | १ | १ | ० | १ | ० |
| | कविराज पाँचौ | १ | १ | ० | १ | ० |
| | वैद्य | १ | १ | १ | ० | ० |
| | कुट्वा | १ | १ | ० | १ | ० |
| लानाकेदारेश्वर आर्युर्वेदिक औषधालय | कास | १ | १ | ० | १ | ० |
| जम्मा | | ३० | २९ | १६ | १३ | १ |

४४.१ **तलवी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्यकर्मी कर्मचारीको तलवी प्रतिवेदन पारित गरेरमात्र तलब भत्ता खर्च भुक्तानी गर्नु पर्दछ । पालिकाले यस वर्ष स्वास्थ्य तर्फका दरबन्दीमा कार्यरत २७ कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. १,०९,१४,९११।६८ तलव खर्च संघीय सशर्त चालु अनुदानबाट भुक्तानी गरेकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

४४.२ (१५-2081-06-20):

**शीर्षक फरक पारी तलब भुक्तानी** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायका करारका

कर्मचारीको तलब संघीय सशर्त अनुदान तर्फको स्थानीय तहमा मातृ तथा नवशिशु कार्यक्रमबाट तलब भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| क्र.सं. | कर्मचारीको नाम | भुक्तानी रु. |
|---|---|---|
| १ | मुकेश बम | १६१००० |
| २ | मोहन देव जोशी | १७५००० |
| ३ | लक्ष्मी बोगटी | १५४००० |
| ४ | सीता कुमारी लाङ्गाली | १७५००० |
| जम्मा | | ६६५००० |

| | |
|---|---|
| अनियमित भएको | ६,६५,००० |

४४.३ (२८०-2082-03-24):

**सुनौला हजारदिन कार्यक्रम -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने तथा खर्च गर्दा रीत पुगे नपुगेको यकिन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। साथै बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ मा स्थानीय तहको पोषण प्रोफाईलको आधारमा पोषणको अवस्था सवैभन्दा कमजोर रहेका विपन्न समुदायका घरधुरी सम्मिलित २५ जना सुनौला हजार दिनका महिला सदस्यलाई आयआर्जन कार्यका लागि जनही २५ हजार अनुदान प्रदान गर्दा समुहको रोहबरमा सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत रकम उपलब्ध गराउनु पर्ने उल्लेख छ। तर पालिकाले कर्मचारी सि.अ.हे.ब. खडग बहादुर धामीलाई आर्थिक वर्षको अन्त्यमा मिति २०८२।३।२४ मा भुक्तानी दिएको छ। यस सम्बन्धमा बजेट ढिला प्राप्त भएकोले कर्मचारी सि.अ.हे.ब. खडग बहादुर धामीलाई भुक्तानी दिई वितरण गरेको पालिकाले जनाएको छ। यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

## ४५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित बेगर पालिकाका१७जना कर्मचारीको रु.१ करोड ४७ लाख ४९हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकाले पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ४६ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपाध्यक्ष गर्भवतीलाई पोषण कार्यक्रम अन्तर्गत १२७ जना गर्भवती महिलाहरुलाई प्रतिव्यक्ति ४५ वटा अण्डा वितरण गरी रू. ११९८२०।० र जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ६० जनालाई १/१ थान टर्च र ब्लाङकेट वितरणमा रू. ४७०००।० गरी जम्मा रू. २६६८२०।० खर्च लेखेको छ। कार्यविधि वेगर यस प्रकृतिका वितरणमुखी कार्यक्रममा खर्च गर्दा खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउन सक्ने अवस्था देखिदैन।तसर्थ, आन्तरिक आयको आकार अनुसार यस्तो खर्चलाई निश्चित मापदण्डका आधारमा वाञ्छित सीमामा राख्नुका साथै पारदर्शी र आन्तरिक आय सँग समेत तादम्यता कायम हुनेगरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

## ४७ प्रमाण पेश गर्नुपर्ने (४७०-2082-03-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आदर्श आ. वि. विपिनगरलाई कार्यालय भवन रङ्ग रोगन

तथा मर्मत सम्भार कार्यका लागि प्राविधिक विल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन बेगर रू. १२००००।० भुक्तानी गरेको छ। यसर्थ, प्राविधिक विल, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

४८ **शीर्षक फरक पारी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ।साथै अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको शीर्षकबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष शीर्षक फरक पारीरु. ५ लाख २१ हजार ६९०खर्च लेखेको छ। अत: शीर्षक फरक पारी गरिएको खर्च नियमित नदेखिएको रु.

| **गो.भौ.न.** | **हुनुपर्ने शीर्षक** | **खर्च भएको शीर्षक** | **रकम** |
|---|---|---|---|
| ४०१/२०८२-०१-२६ | औषधी खरिद | करार कर्मचारी तलब भत्ता | २०७९८० |
| ५४५/२०८२-०३-१९ | मेलमिलाप व्यवस्थापन खर्च | मेसिनरी औजार खरिद | ९६०५० |
| ५७४/२०८२-०३-२१ | मेसिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सवारी साधन भाडा खर्च | ९०००० |
| ६०५/२०८२-०३-२५ | सामाजिक परीक्षण खर्च | छाउपडी तथा बालविवाह न्यूनिकरण कार्यक्रम | १००००० |
| ५४३/२०८२-०३-१९ | अन्य भत्ता | विविध खर्च | २७६६० |
| **जम्मा** | | | **५२१६९०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२१,६९० |

४९ **निशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.४.६.२ मा सार्वजनिक विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीकालागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने र अनुदानबमोजिम विद्यालयले पाठ्यपुस्तक विद्यार्थिलाई वितरण गरेको पालिकामा पेश गर्ने उल्लेख छ। पालिकाले यो वर्ष ३८ विद्यालयका कक्षा १ देखी १२ सम्मका ३६३२ विद्यार्थीहरुलाई विद्यालयको मागको आधारमा रु. २३,७९,०१०।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छ :-

(४२-2081-09-11):

**वितरण भरपाई पेश नभएको** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.४.६.२ मा सार्वजनिक विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीकालागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने र अनुदानबमोजिम विद्यालयले पाठ्यपुस्तक विद्यार्थिलाई वितरण गरेको पालिकामा पेश गर्ने उल्लेख छ। निकासा भएको मध्ये कक्षा ११ र १२ विद्यालयले पाठ्यपुस्तक वितरण गरेको प्रमाण पेश गरेको देखिएन। पालिकाले कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम प्रमाणित विद्यार्थी संख्या यकिन गरी वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालय | विद्यार्थी संख्या | | पाठ्यपुस्तकको दर प्रति सेट | | निकासा रु. |
|---|---|---|---|---|---|---|
| | | कक्षा ११ | कक्षा १२ | कक्षा ११ | कक्षा १२ | |
| १ | केदारेश्वर मा वि बडीकेदार- ५ रन्तोला | ११ | २१ | २६९.२८ | ३१६.०८ | ९६०० |
| जम्मा | | ११ | २१ | २६९.२८ | ३१६.०८ | ९६०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६०० |

## ५० शिक्षा तथा विद्यालय अनुदान व्यवस्थापन

५०.१ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५०.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयमा अङ्ग्रेजी गणित विज्ञान अनुदान, गाउँपालिकाले सिर्जना गरेको दरबन्दी तथा निजी स्रोत सहित(ECD बाहेक) २६१ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ३८ सामुदायिक विद्यालयमा ECD बाहेकका ३६३२ विद्यार्थी अध्ययनरत रहेका छन। पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | | | | पदपुर्ती | | | | | | | विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि | संघीय अनुदान | गा.पा. अनुदान | जम्मा | स्थायी | राहत | करार | नीजि स्रोत | संघीय अनुदान | गा.पा. अनुदान | जम्मा | |
| १ | सरस्वती आ वि २ सिर्सी | २ | १ | ० | १ | १ | १ | ६ | २ | १ | ० | १ | १ | १ | ६ | ६५ |
| २ | कालिका आ वि २ छेडा | २ | २ | ० | २ | १ | १ | ८ | २ | २ | ० | २ | १ | १ | ८ | ५५ |
| ३ | जनता मा वि २ सडेखान | २ | ३ | ० | ३ | ३ | १ | १२ | २ | ३ | ० | ३ | ३ | १ | १२ | १७३ |
| ४ | मंलेश्वर आ वि १ टुडकट्टे | १ | २ | १ | ० | ० | १ | ५ | १ | २ | १ | ० | ० | १ | ५ | ४१ |
| ५ | महन्यालेश्वर आ वि १ अलाडी, | ३ | १ | ० | ४ | ० | १ | ९ | ३ | १ | ० | ४ | ० | १ | ९ | ७९ |
| ६ | आदर्श आ वि १ विपीनगर, | ० | ४ | ० | १ | ० | ० | ५ | ० | ४ | ० | १ | ० | ० | ५ | ८९ |
| ७ | जनप्रिय आ वि १ मुढा, | ० | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ११ |
| ८ | शिशुदर्पण आ वि २ बराउँ | २ | १ | ० | १ | ० | ० | ४ | २ | १ | ० | १ | ० | ० | ४ | २८ |
| ९ | देवेश्वर आ वि २ गर्भुजा | ३ | ० | ० | १ | ० | ० | ४ | ३ | ० | ० | १ | ० | ० | ४ | २० |
| १० | मालिका आ वि १ पातल | ० | ३ | ० | १ | ० | ० | ४ | ० | ३ | ० | १ | ० | ० | ४ | २८ |
| ११ | दुर्गा मा वि - १ दवली | ३ | ३ | ० | २ | २ | १ | ११ | ३ | ३ | ० | २ | २ | १ | ११ | ९७ |
| १२ | लक्ष्मि मा वि १ रिसेडी | ३ | २ | ० | १ | ३ | १ | १० | ३ | २ | ० | १ | ३ | १ | १० | ९५ |
| १३ | बर्छैन मा वि २ बर्छैन, | ७ | ८ | ० | २ | ० | १ | १८ | ७ | ८ | ० | २ | ० | १ | १८ | ३९१ |
| १४ | जनता आ वि २ भित्रिखोला | ० | ३ | ० | १ | ० | ० | ४ | ० | ३ | ० | १ | ० | ० | ४ | २४ |
| १५ | चौडेल आ वि ३ चायाँकोट | ४ | २ | ० | २ | ० | १ | ९ | ४ | २ | ० | २ | ० | १ | ९ | २०० |
| १६ | विष्णु मा वि ३ मुलेचौर | ३ | १ | ० | २ | ३ | १ | १० | ३ | १ | ० | २ | ३ | १ | १० | १७३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | अमरघट्टी आ वि ३ ओखलढुङ्गा | १ | २ | ० | ३ | १ | १ | ८ | १ | २ | ० | ३ | १ | १ | ८ | ११३ |
| १८ | भैरब आ वि ३ चवाँला, | ३ | १ | ० | २ | १ | १ | ८ | ३ | १ | ० | २ | १ | १ | ८ | ९९ |
| १९ | केदारमाण्डौ आ वि ३ पातल | २ | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | २ | १५ |
| २० | वीरेन्द्र मा वि ३ घांगल | ७ | ५ | ० | ० | ० | १ | १३ | ७ | ५ | ० | ० | ० | १ | १३ | २२० |
| २१ | बग्र आ वि ३ बगडा | ० | ० | ० | १ | ० | १ | २ | ० | ० | ० | १ | ० | १ | २ | २१ |
| २२ | शोनपाल आ वि बेबरा | ० | ० | ० | १ | ० | १ | २ | ० | ० | ० | १ | ० | १ | २ | २७ |
| २३ | बयलगाउँ आ वि ५ बयलगाउँ | २ | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० | ० | ० | २ | १४ |
| २४ | डम्सिला आ वि ५ डम्सिला | ३ | १ | ० | २ | ० | १ | ७ | ३ | १ | ० | २ | ० | १ | ७ | १०२ |
| २५ | नवोदय आ वि ५ धारी | ० | २ | ० | १ | ० | १ | ४ | ० | २ | ० | १ | ० | १ | ४ | ४६ |
| २६ | युवाबर्ष आ वि ५ कुन्थला | ३ | ३ | ० | १ | ० | १ | ८ | ३ | ३ | ० | १ | ० | १ | ८ | १४० |
| २७ | केदारेश्वर आ वि भँवरा | १ | २ | ० | १ | ० | ० | ४ | १ | २ | ० | १ | ० | ० | ४ | २४ |
| २८ | केदारेश्वर मा वि ५ रन्तोला | १० | ३ | ० | १ | ० | १ | १५ | १० | ३ | ० | १ | ० | १ | १५ | २५८ |
| २९ | गौरीशंकर आ वि ५ धामिगाउँ | १ | १ | ० | ० | ० | ० | २ | १ | १ | ० | ० | ० | ० | २ | १२ |
| ३० | बुढाकोट आ वि ५ बुढाकोट | ० | १ | ० | ० | ० | १ | २ | ० | १ | ० | ० | ० | १ | २ | ५३ |
| ३१ | मेलघडी आ वि ५ अत्तरकाँडा | २ | २ | ० | २ | १ | १ | ८ | २ | २ | ० | २ | १ | १ | ८ | १५२ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | शिबजी आ वि ५ केदारमाण्डौ | २ | १ | ० | २ | १ | १ | ७ | २ | १ | ० | २ | १ | १ | ७ | १०८ |
| ३३ | शिवजी मा वि ४ भुज्याली | ५ | २ | ० | १ | २ | ३ | १३ | ५ | २ | ० | १ | २ | ३ | १३ | २४८ |
| ३४ | महन्याल आ वि ४ रनुकाँडा | १ | २ | ० | ३ | १ | १ | ८ | १ | २ | ० | ३ | १ | १ | ८ | ७४ |
| ३५ | मेलघटी आ वि ४ पुनतडा | ० | २ | ० | १ | ० | १ | ४ | ० | २ | ० | १ | ० | १ | ४ | ३० |
| ३६ | जनप्रेमी आ वि ४ बनेरी | ० | ३ | ० | १ | ० | ० | ४ | ० | ३ | ० | १ | ० | ० | ४ | ३१ |
| ३७ | केदारेश्वर आ वि ४ बाँजबाटा | ३ | १ | ० | २ | ० | १ | ७ | ३ | १ | ० | २ | ० | १ | ७ | १२६ |
| ३८ | विष्णु मा वि ४ बरालगाउँ | ३ | ३ | ० | १ | ३ | १ | ११ | ३ | ३ | ० | १ | ३ | १ | ११ | १५० |
| जम्मा | | ८४ | ७४ | १ | ५० | २३ | २९ | २६१ | ८४ | ७४ | १ | ५० | २३ | २९ | २६१ | ३६३२ |

५०.३ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

५०.४ **स्वयंसेवक शिक्षक पारिश्रमिक** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन कार्यविधिको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेख गरेको व्यवस्था अनुसार दरबन्दी स्वीकृत नगरी न्यून विद्यार्थी भएका २७ विद्यालयमा समेत २९ शिक्षक तथा ५ जना बाल विकास सहजकर्ता करारमा नियुक्ती गरी यो वर्ष समानीकरण अनुदान/राजस्व बाँडफाट स्रोतबाट रू १,०८,०५,०००।०० तलब भत्ता भुक्तानी गरेको देखियो। करार शिक्षक भएका विद्यालयमा शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा उल्लिखित मापदण्ड बमोजिम भन्दा कम

शिक्षक विद्यार्थी अनुपात रहेको छ । कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

५०.५ (८२ र १२९-2081-12-06):

**सशर्त अनुदानबाट पालिका शिक्षकको तलब** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को १.७(२) को कार्यक्रम कार्यन्वयन सम्बन्धी मार्गदर्शनको (२) को बुँदा नं. ६ मा एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्मसको परिधिभित्र रहेर कार्यक्रम कार्यन्वयन कार्यविधिमा उल्लेखित गरिएका आधार र प्रक्रिया अनुसार खर्च लेख्ने उल्लेख छ। पालिकाले माध्यमिक तह कक्षा (९-१०) र आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानबाट पालिकाका समानिकरण तथा राजश्व बाँडफाँडबाट भुक्तानी हुने देहायका विद्यालयलाई अनुदान रु.८,००,०००।०० निकासा गरेको नियमसंगत नदेखिएको रु.

| क्र.सं. | गोश्वरा भौचर नं | भुक्तानी मिति | विद्यालयको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | ८२ | २०८१।१२।६ | विष्णु मा वि बडीकेदार ३ मुलेचौर | २००००० |
| २ | | | अमरघट्टी आ वि बडीकेदार ३ ओखलढुङ्गा | २००००० |
| ३ | | | शिबजी आ वि बडीकेदार ५ केदारमाण्डौ | २००००० |
| ४ | १२९ | २०८२।२।८ | सरस्वती आ वि बडीकेदार २ सिर्सी | २००००० |
| जम्मा | | | | ८००००० |

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

५०.६ **सामुदायिक केन्द्र** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. ३ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारी तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालनका लागी मष्टा सामुदायिक अध्ययन केन्द्र, कालारुवा सामुदायिक अध्ययन केन्द्र, जनकल्याण सामुदायिक अध्ययन केन्द्र र घाङगल सामुदायिक अध्ययन केन्द्र सहित ४ सामुदायिक सिकाई केन्द्रलाई संचालन अनुदान रु. १२,३२,०००।०० निकासा गरेको छ। उक्त केन्द्रलाई निकासा भएको अनुदान उपयोगको सुनिश्चित गर्नुपर्ने देखिन्छ।

५०.७ **छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले पालिकाका सामुदायिक विद्यालयलाई EMIS को तथ्याङ्कका आधारमा ३८ विद्यालयमा आवासिय छात्र वृत्ति रु. ८,४०,८००।००, गैर आवासिय छात्र वृत्ति रु. ४,६९,४००।०० र १ जना HIV प्रभावित विद्यार्थीलाई रु. ५०,०००।०० सहित कूल रु. १३,५९,४००।०० निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गरेको छैन । पालिकाले सत्यापन गरी रकम निकासा गर्नुपर्दछ।

५०.८ **IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को बुँदा नं. ५ मा स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट गरिने शैक्षिक तथ्याङ्क शैक्षि व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानिय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई IEMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउने र स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८१ को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिनुपर्ने उल्लेख छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५०.९ **दिवा खाजा** - आर्थिक वर्ष २०८१/८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अननुदानबाट कुल ३८ विद्यालय तथा अन्तर्गतका बालबिकास केन्द्र तथा १२ थप बालविकास केन्द्रका लागि खाजा वापत रु. ६५,५८,९२२।०० विद्यालयको मागको आधारमा विद्यालयको खातामा निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५१ **राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता**

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले यस बर्ष राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा रु. ८,५०,०००।०देहाय बमोजिम खर्च गरेको छ। यस सम्बन्धी खर्चका फाँटवारी परीक्षण गर्दा अधिकांश खाजा, खाना तथा बास वापत विभिन्न होटलका विल भरपाई, खेलकुद पोशाक तथा खेल सामग्री खरिदका विभिन्न आपूर्तिकर्ताको बिल भरपाई, गाडी रिभर्ज वापतको विल भरपाईलगायतका खर्च संलग्न रहेको पाईयो। खर्चको लागत अनुमान, कार्यक्रमको प्रतिवेदन पेश गर्नुपर्नेमा सो पेश गरेको छैन। पालिकाले यस प्रकारका कार्यक्रम सञ्चालन गर्दा निर्धारित खर्च मापदण्डको आधारमा प्रस्तावना तथालागत अनुमान स्वीकृत गरी खर्चमा मितव्ययितामा कायम गर्नुपर्दछ

| **खर्च विवरण** | **खर्च रकम रु.** |
|---|---|
| खेल सामाग्री खरिद | ३५५४९० |
| निर्णायक पारिश्रमिक भत्ता र सहयोगी खर्च | ६७२०० |
| खाजा र खाना | ३८७३५० |
| सहभागी यातायात खर्च | ३४७६० |
| अन्य खर्च | ५२०० |
| **जम्मा** | **८५००००** |

५२ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू. २१,३८,००० को मसलन्ध तथा कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

५३ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **क्याम्पसलाई अनुदान**

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहने व्यवस्था छ। यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुने उल्लेख छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची ८ बमोजिम एकल अधिकारको सूची अन्तर्गत आधारभुत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजिक स्थानीय तहले सामुदायि विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ। पालिकाले गो भौ नं ३९३ २०८२-०१-२६ बाट श्री केदार ज्योती पुञ्ज क्याम्पसलाई राजस्व बाडफाड शीर्षकबाट रु १० लाख भुक्तानी दिएको छ। तसर्थ पालिकाको कार्यक्षेत्र भित्र नपर्ने संस्थालाई दिएको भुक्तानी रकम नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

५५ **आर्थिक सहायता**

बडिकेदार गाउँपालिकाको अनुदान तथा आर्थिक सहायता कार्यविधि २०८० को परिच्छेद ३ मा अनुदान तथा आर्थिक सहायताका प्रकार र सहायता गर्न सकिने रकम उल्लेख गरिएको छ। तर पालिकाले दान बहादुर मल्ललाई कार्यविधिमा उल्लेख भए अनुसार रू २५००० भुक्तानी दिनुपर्नेमा कार्यपालिकाको निर्णय गराई कार्यविधिमा तोकिएको भन्दा बढी दरमा आर्थिक सहायता भुक्तानी गरेकोले यस्तो खालको भुक्तानी नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ७५,००० |

५६ **फिल्ड भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले यस वर्ष १० जना प्राविधिक कर्मचारीलाई ६.५ महिना अवधिमा कुल रू. ८,९०,५००।०० फिल्ड भत्ता खर्च गरेको छ। पालिकाको यो वर्ष कुल आन्तरिक आम्दानी रू. ४० लाख ५६ हजार ८७७ रहेकोमा उक्त खर्च आयको २२ प्रतिशत हुन जान्छ। तसर्थ, पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

५७ **धरौटी फिर्ता** (११-2082-01-09):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्च्याएपछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ। यसै

सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्यअभिवृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको विजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्यअभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथाकर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भई सके पछि मात्र धरौटी बापतको रकमको फिर्तादिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस पालिकाले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी गो. भौ. नं. ११ र मिति २०८२-०१-०९ मा जय मनका निर्माण सेवालाई रू. २,४३,९९५ फिर्ता दिँदा मूल्य अभिवृद्धि कर समायोजन र कर चुक्ताप्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ। यसरी फिर्ता दिँदासम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधारगर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो। नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन। तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४३,९९५ |

५८ **पारिश्रमिक कर**

आयकर ऐन २०५८ को दफा ८ मा रोजगारीबाट भएको आयको गणना तथा साल बसाली आर्थिक ऐन बमोजिम तोकिएको दर अनुसार पारिश्रमिक कर गणना गरी कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले डा. सुरज श्रेष्ठ लाई वार्षिक रू. १६९२९४०।० तलब भुक्तानी गरी कुल रू. १६,२२,९४०।० को करयोग्य आय भएको र वार्षिक पारिश्रमिक कर रू. २,४२,८८२।० कट्टा गरी दाखिला गर्नुपर्नेमा रू. १६,०००।० मात्र कट्टा गरेकोले नपुग पारिश्रमिक कर रू. २,२६,८८२।० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२६,८८२ |

५९ **सामाजिक सुरक्षातर्फ वितरण**

५९.१ **सामाजिक सुरक्षा वितरण-** यसपालिकामा आर्थिक वर्षको अन्त्य सम्ममा देहायका वडामा त्रैमासिकमा रुपमा जम्मा रकम रू. ५,३९,५३,५०६ सामाजिक सुरक्षा भत्ता वितरण भएको छ।

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| **वडा नं १** | २४२८९२५ | २४६०९७१ | २४५२७५७ | २४८७९९४ | **९८३०६४७** |
| **वडा नं २** | २३६९५५५ | २३५९४१३ | २३५२७५७ | २३७७०३३ | **९४५८७५८** |
| **वडा नं ३** | २४०५७४८ | २४५१८९९ | २४६३०६३ | २५१६६७० | **९८३७३८०** |
| **वडा नं ४** | २७५९९०६ | २७५०१२२ | २७७२७८६ | २७३३९३४ | **११०१६७४८** |
| **वडा नं ५** | ३४४६६४२ | ३४४५८३५ | ३४३००५४ | ३४८७४४२ | **१३८०९९७३** |
| **जम्मा** | **१३४१०७७६** | **१३४६८२४०** | **१३४७१४१७** | **१३६०३०७३** | **५३९५३५०६** |

५९.२ **वर्गगत सामाजिक सुरक्षा खर्च-** यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत प्रभु बैंक लि. बाट रू. ५,३९,५३,५०६ वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा लाभग्राहिको संख्यात्मक वितरण निम्नानुसार छ।

| सामाजिक सुरक्षा भत्तापाउने समुह | त्रैमासिक लाभग्राही सङ्ख्या | | | |
|---|---|---|---|---|
| | प्रथम | दोस्रो | तेस्रो | चौथो |
| अन्य जेष्ठ नागरिक भत्ता | ६६३ | ६६० | ६५९ | ७०१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ८६ | ८८ | ८८ | ७९ |
| जेष्ठ नागरिक एकल महिला | ९१ | ९१ | ८६ | ७६ |
| विधवा | १४७ | १७१ | १८१ | १८८ |
| पूर्ण अपाङ्गता भत्ता | २३ | २३ | २३ | २५ |
| अति अशक्त अपाङ्गता भत्ता | १०६ | ११२ | ११४ | ११३ |
| क्षेत्र तोकिएका बालबालिका | ९५९ | ९७२ | ९६३ | ९३६ |
| दलित बालबालिका | १६५ | १६५ | १७५ | १७० |
| **जम्मा** | **२२४०** | **२२८२** | **२२८९** | **२२८८** |

५९.३ **लाभग्राहिको अभिलेख अद्यावधिक** - सामाजिक सुरक्षा कार्यविधिको दफा २६ को उपदफा ३ बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको सम्बन्धमा स्थानीय तहले आवश्यक यकिन गर्नुपर्ने व्यवस्था रहेकोमा गरेको नदेखिएकोले पालिकाले कार्यविधिको अनुसूची-११ बमोजिमको ढाँचामा विवरण माग एवं यकिन गरी विवरण अद्यावधिक गर्नु पर्दछ।

५९.४ **समयमा लगतकट्टा नगरेको-** सामाजिक सुरक्षा ऐन, २०७५को दफा १९ र नियमावली, २०७६ को नियम १३ को उपनियम १ तथा कार्य विधिको दफा ११ बमोजिम सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा सम्बन्धित वडा समितिको सिफारिसमा स्थानीय तहले निजको नाममा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु पर्ने व्यवस्था छ। तर यस पालिकाले भत्ता पाउन अयोग्य व्यक्तिहरुको समयमा लगत कट्टा नगर्दा अयोग्य व्यक्तिको नाममा भत्ता गई राज्यको फिर्ता हुनुपर्ने रकम व्यक्तिको खातामा रोक्का हुदा राज्यलाइ अनावश्यक रुपमा भार पर्न जाने हुदा यसमा सुधार गर्नु पर्ने देखिन्छ।

६० **१० शैयाको अस्पताल भवन निर्माण**

१० शैयाको अस्पताल भवन निर्माणको लागि ठेक्का नं.BRM/NCB/W-03/B/2077-078 मिति २०७८।६।४ मा निर्माण व्यवसायी श्री धुलिखेल/ एल. वि. एण्ड ए. वि./ जयश्री वालाजी जे.भि. धनगढी, कैलालीसँग रू. ७,२६,१९,३६७।०० (मू. अ. कर र पि.एस. सहित) मिति २०८९।८।२९ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

६०.१ **अस्पतालको Drawing Desing र वातावरणिय अध्ययन प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क.(१) मा सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी स्वीकृत गराउनुपर्ने नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। गाउँकार्यपालिकाको मिति २०७८।१।८ गतेको निर्णयानुसार के. एस. इन्जिनियरिङ्ग कन्सल्टेन्सीले तयार गरेको विस्तृत परियोजना अध्ययन प्रतिवेदन र लागत अनुमान स्वीकृत गरी मिति २०७७।१२।२२ गतेको कार्यपालिकाको निर्णयानुसार मिति २०७८।१।१७ गते बोलपत्र आवहान भई ठेक्का सम्झौता भएको देखिन्छ।

Nepal Health sector support program (NHSSP) द्धारा तयार गरिएको आधारभूत अस्पतालको Drawing and Design तथा नक्का review नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १५१४(२०७८।१०।१५) अनुसार उक्त Review अनुसार आवश्यक कार्यान्वयन गर्नुहुन पत्राचार गरेको देखिन्छ। यसरी पालिकाले ठेक्का आवह्वान तथा ठेक्का सम्झौता पश्चात मात्र आधारभूत अस्पतालको भवन निर्माणको Drawing and Design स्वीकृत भएको देखिन्छ।

६०.२ **भेरियसन आदेश -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था रहेको छ। आधारभूत अस्पतालको भवन निर्माण कार्यको ठेक्का आवह्वान पश्चात Drawing and Design परिवर्तन भएको कारण परिमार्जित नक्साङ्कन अनुसार कार्य गर्न भनि पालिकाले मिति २०८७।१०।२५ गते निर्माण व्यवसायी कम्पनी श्री धुलिखेल/ एल. वि. एण्ड ए. वि./ जयश्री वालाजी जे.भि. धनगढी, कैलालीलाई पत्राचार गरेको देखिन्छ। अस्पताल भवन निर्माण कार्यको नक्साङ्कन परिवर्तन भएको कारण लागत सुरु लागत अनुमान रू. १०,३२,८४,३१५।०० मा परिवर्तन भई रू. ११,२१,१८,४५९।०० भई सम्झौता रकम रू. ७३,७८,५४५।००(१०.१६ प्रतिशत) ले वृद्धि हुन पुगेको देखिन्छ।

६०.३ **वार्ताद्धारा दर निर्धारण -** पालिका र निर्माण व्यवसायी कम्पनीसँग भएको सम्झौताको जि सि सि ४५.१ मा कुनै आइटम २५ प्रतिशत र आयोजनाको लागत सुरु सम्झौताको २ प्रतिशतले वृद्धि हुँदा Project Managerले वार्ताद्धारा नयाँ दर निर्धारण गर्नुपर्ने व्यवस्था छ। आधारभूत अस्पताल भवन निर्माण कार्यको लागि गरिएको पहिलो भेरिएसन आदेशमा वार्ताद्धारा नयाँ दर निर्धारण नगरि वि. ओ. क्यू. मा उल्लेखित दरको आधारमा भेरिएसन आदेश जारी गरि पहिलो रनिङ्ग विल वापत रू. २,९३,०८,८८९।०० भुक्तानी भएको देखिन्छ। यसरी वार्ताद्धारा नयाँ दर निर्धारण नगरिदा वृद्धि भएको आइटममा लागत अनुमान भन्दा बढी दरमा रकम भुक्तानी भएको देखिन्छ। यसरी भेरियसनद्धारा वृद्धि भएको आइटममा वार्ताद्धारा नयाँ दर निर्धारण नगरी BOQ को आधारमा भुक्तानी गर्दा लागत अनुमान भन्दा बढी भुक्तानी भएको रकम नियमसम्मत नभएको रू.

| क्र.स | BOQ को आइटम नं. | क्रियाकलाप विवरण | एकाइ | सुरु लागत अनुमान | | सुरु लागत परिमाणको आधारमा भएको थप घटको % | सुरु सम्झौता | | परिमार्जित सम्झौता (VO-1) | | सुरु सम्झौता रकमको आधारमा भएको थप घटको % | लागत अनुमान भन्दा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | दर | | दर | जम्मा रकम | दर | जम्मा रकम | | |
| 1 | 12 | Providing, laying, compacting and curing normal mix plain cement concrete M10 (1:3:6) in foundation with cement, sand and graded river bed aggregates (10-40 mm) finishing to approved level, lines and dimensions all complete as per design, drawing, specifications and instructions of site engineer all complete. | Cum | 30.13 | 114 38.71 | 262.07% | 12 000 | 361, 560 | 12 000 | 1,30 9,102 | 262.07% | 44 320 |
| 2 | 61 | Urinal Partation 68x30cm size complete set | Set | 2 | 2910.65 | 200% | 4000 | 8,000 | 4000 | 24,000 | 200.00% | 4357 |
| 16 | 67 | stainless steel scrub sink (surgical) double bowl with lever arm cock of size 1000x1375x600 mm with complete accessories including bracket, flushing pipe,pipe connector etc. all complete set | Set | 1 | 85 000 | 100% | 100 000 | 100, 000 | 100 000 | 200, 000 | 100% | 15 000 |
| 21 | 72 | Water filter with UV lamp and filter media , 1 lit\min (Euro guard or eqv ) with complete set | Set | 1 | 232 16.2 | 200% | 75 000 | 75, 000 | 75 000 | 225, 000 | 200% | 103 567 |
| 1 | 102 | G.M. 50mm Check valve | nos | 2 | 6178.83 | 300% | 7500 | 15, 000 | 7500 | 60, 000 | 300% | 7927 |
| 9 | 111 | i) 50 mm diameter UPVC plain tee, Panchkanya or equivalent UPVC specials all complete | No. | 24 | 268.87 | 129.17% | 300 | 7,200 | 300 | 16, 500 | 129.17% | 965 |
| 10 | 112 | ii) 50 mm diameter UPVC 90 degree bend, Panchkanya or equivalent UPVC specials all complete | No. | 60 | 242.31 | 25% | 300 | 18, 000 | 300 | 22, 500 | 25% | 865 |
| 11 | 113 | iii) 50 mm diameter UPVC 45 degree bend, Panchkanya or equivalent UPVC specials all complete | No. | 15 | 241.1 | 66.67% | 300 | 4,500 | 300 | 7,500 | 66.67% | 589 |
| 1 | 114 | iv) 75 mm diameter UPVC Vent cowl, Panchkanya or equivalent UPVC specials all complete | No. | 6 | 286.29 | 100.00% | 350 | 2,100 | 350 | 4,200 | 100% | 382 |
| 1 | 116 | vi) 75 mm diameter UPVC door tee, Panchkanya or equivalent UPVC specials all complete | No. | 12 | 461.38 | 66.67% | 500 | 6,000 | 500 | 10, 000 | 66.67% | 308 |
| 3 | 119 | ix) 75 mm diameter UPVC door bent, Panchkanya or | No. | 6 | 390.14 | 66.67% | 500 | 3,000 | 500 | 5, 000 | 66.67% | 439 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | equivalent UPVC specials all complete | | | | | | | | | | |
| 3 | 120 | x) 75 mm diameter UPVC Y branch, Panchkanya or equivalent UPVC specials all complete | No. | 24 | 425.16 | 75.% | 500 | 12, 000 | 500 | 21, 000 | 75% | 1347 |
| 14 | 123 | xiii) 110 mm diameter UPVC door tee, Panchkanya or equivalent UPVC specials all complete | No. | 6 | 813.34 | 66.67% | 1000 | 6,000 | 1000 | 10, 000 | 66.67% | 746 |
| 16 | 125 | xv) 110 mm diameter UPVC 45 degree bend, Panchkanya or equivalent UPVC specials all complete | No. | 36 | 496.34 | 33.33% | 500 | 18, 000 | 500 | 24, 000 | 33.33% | 43 |
| 17 | 126 | xvi) 110 mm diameter UPVC door bent, Panchkanya or equivalent UPVC specials all complete | No. | 12 | 813.34 | 83.33% | 1000 | 12, 000 | 1000 | 22, 000 | 83.33% | 1866 |
| 18 | 127 | xvii) 110 mm diameter UPVC Y branch, Panchkanya or equivalent UPVC specials all complete | No. | 36 | 806.09 | 80.56% | 1000 | 36, 000 | 1000 | 65, 000 | 80.56% | 5623 |
| 22 | 131 | xxi) 110 x 75 mm Reducer, Panchkanya or equivalent UPVC specials all complete | No. | 24 | 150.65 | 45.83% | 500 | 12, 000 | 500 | 17, 500 | 45.83% | 3842 |
| Total | | | | | | | | | | | | 192 193 |

| | |
|---|---|
| अनियमित भएको | १,९२,१९३ |

### ६१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्र्योटगर्नुपर्ने व्यवस्था छ। पालिकालेगत वर्ष रयसवर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्र्योट नभएकोले नियमानुसार पेश्की फस्र्योट हुनु पर्दछ। रू.

| क्र.सं. | पेश्की प्राप्त गर्नेको नाम | यस वर्षको | | गत वर्षको | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| **निर्माण व्यवसायी** | | | | | | |
| १ | श्री धुलिखेल/ एल. वि. एण्ड ए. वि./ जयश्री वालाजी जे.भि. धनगढी, कैलाली | ० | ० | १,२७,००,००० | ० | १,२७,००,००० |
| २ | आर वि उन्नती विभोर जे भि | ० | ० | २७,२५,००० | ० | २७,२५,००० |
| ३ | पालिकाको प्रशासकिय भवन निर्माण तला थप कार्य | ६५,६६,०९४ | ० | ० | ० | ६५,६६,०९४ |
| ४ | प्रश्ना कन्स्ट्रक्सन | ० | ० | ० | ४,००,०००. | ४,००,०००. |
| ५ | आर वि उन्नती विभोर जे भि | ० | ० | २७,२५,००० | ० | २७,२५,००० |
| **जम्मा** | | ६५,६६,०९४ | **०** | **१,८१,५०,०००** | **४,००,०००** | **२,५१,१६,०९४** |
| **व्यक्तिगत पेश्की** | | | | | | |
| ५ | खडक बहादुर बोहरा | ० | ० | ० | ५०,०००.०० | ५०,०००.०० |
| ६ | लक्ष्मण प्रसाद भट्ट | ० | ० | ० | १९,५२० | १९,५२० |
| ७ | अरुण कुमार सिंह | ० | ० | ० | ६,००,०००.०० | ६,००,०००.०० |
| ८ | योगेन्द्र शाही | ० | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| **जम्मा** | | **०** | **५००००** | **०** | **६६९५२०** | **७१९५२०** |
| **संस्थागत पेश्की** | | | | | | |
| ९ | ठूला केदार मिडिया | ० | १,००,०००.०० | ० | २,००,०००.०० | ३,००,०००.०० |
| **जम्मा** | | **०.** | **१०००००.** | **०.** | **२०००००.** | **३०००००.** |
| **कुल जम्मा** | | ६५,६६,०९४ | **१५००००** | **१,८१,५०,०००** | **१२६९५२०.** | **२७१३५६१४.** |

| | |
|---|---|
| पेश्की | १,५०,००० |

६२ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रु. २८ लाख ५८ हजारखर्च लेखेको छ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने, मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा स्वीकृत बजेट कै आधारमा लागत अनुमान तयार गरी लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ।अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता हुनु पर्दछ।

| क्र.सं. | कामको विबरण | परामर्शदाता | कुल खर्च रू. |
|---|---|---|---|
| १ | १० शैया आधारभूत अस्तपतालको परिमार्जित लागत अनुमान तयारी | स्ट्रिम आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | ३,८९,२८५ |
| २ | खड्चौली वृहत खानेपानी आयोजनाको विस्तृत परियोजना अध्ययन प्रतिवेदन | एम एच इन्जिनियरिङ्गकन्सल्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. धनगढी, कैलाली | १९,८४,२८० |
| ३ | वगडा खानेपानी आयोजनाको विस्तृत परियोजना अध्ययन | चन्द्रशेखर डिजायन एण्ड कन्स्ट्रक्सन प्रा.लि. धनगढी | ९९,८०७ |
| ४ | स्वामिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. ललितपुर | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ३,८५,३३० |
| जम्मा | | | २८,५८,७०२ |

६३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.०९५ देखि ५३.०५क प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा न्यून लागतमा कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। गत र यस वर्ष बन्दोबस्ती भएका ठेक्काको विवरण निम्नानुसार छ।

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान (मू अ कर बाहेक) | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | BRM/NCB/W-03/B/2077-078 | **१० शैया आधारभूत अस्पताल भवन निर्माण** | श्री धुलिखेलएल वि एण्ड ए वि जयश्री वालाजी जेभि धनगढी, कैलाली | ९,०७,७९,१५० | ६,३६,४२,५२९ | २९.८९ |
| २ | 03/BRM/NCB/B/2079-080 | **केदारपुञ्ज वहुमुखी क्याम्पस भवन निर्माण वडीकेदार १, विपिनगर डोटी** | आर वि उन्नती विभोर जे भि | ३,८४,४९,१०२ | २,८८,९७,२४३ | २५.४४ |
| ३ | 01/BRM/NCB/B/2081-082 | **गाउँपालिकाको प्रशासकिय भवन निर्माण तला थप कार्य** | **श्रीपुर कालापानी जे.भि.** | ४,४३,५३,९९१ | २,८६,०३,३५२ | ३६.२४ |
| ४ | 06/BRM/NCB/W/2081-082 | **Construction of Dewali mannakapadi sadak Badikedar** | **रिसव कन्स्ट्रक्सन** | ४२,११,५८२ | २०,००,५२० | ५३.०५ |
| ५ | 05/BRM/NCB/W/2080-081 | **घाङ्गल सुनालेक सडक निर्माण** | **प्रश्ना कन्स्ट्रक्सन** | ३२,६८,३५३ | २०,१९,८९४ | ३८.८१ |
| ६ | 02/BRM/SQ/G/2081-082 | **X-Ray मेसिन र डार्क रुम निर्माण** | **गोदावरी मेडिसिन सप्लायर्स** | १४,१३,७४३ | १४,१२,३९० | ०.०९५ |
| ७ | 04/BRM/NCB/G/2081-082 | **जस्तापाता खरिद** | **बाल्ट्रा पेट्रो केमिकल प्रा.लि.** | ३३,६९,६२२ | २८,७४,३२० | १४.७० |
| ८ | 02/BRM/NCB/W/2081-082 | **Construction of Baghchheda Changal jadi sadak Nirman** | **जे.पि. निर्माण सेवा प्रा.लि.** | ४९,१५,६४३ | २९,६४,७५३ | ४०.२८ |
| ९ | 04/BRM/SQ/ 2081-082 | **Fabrication supply and transportation of steel parts for jademadu steel truss parts up to 32 mm upto road head** | **वागेश्वरी स्टिल स्ट्रक्चर प्रा.लि.** | १५,२५,४९८ | १२,५६,९७५ | १७.६ |
| १० | 06/BRM/SQ/ 2080-081 | **रष्टिक स्टोर निर्माण** | **रोयल भगवती निर्माण सेवा** | १२,१५,४७३ | ७,६५,८३४ | ३६.९९ |

६४ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान (मू अ कर बाहेक) |
|---|---|---|---|
| १ | **Construction of Dewali mannakapadi sadak Badikedar** | **रिसव कन्स्ट्रक्सन** | **४२,११,५८२** |
| २ | **Construction of Baghchheda Changal jadi sadak Nirman** | **जे.पि. निर्माण सेवा प्रा.लि.** | **४९,१५,६४३** |

६५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमुना परिक्षणको क्रममा यो वर्ष पालिकाले निम्नानुसार रू.२४ लाख ८७ हजारको निर्माण कार्य सोझै खरिद गरिएको देखियो। सोझै

खरिद हुदाँ लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले निर्माण कार्य मितव्ययी नभएको अवस्था छ। खरिदलाई सम्भावित प्याकेज बनाई प्रतिस्पर्धात्मक खरिद विधि अपनाउनु पर्दछ। सोझौ खरिदका केही नमुना देहाएबमोजिम छन।

| क्र.सं. | फर्मको नाम/ निर्माण व्यवसायी | खरिदको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | **बाह्रदेउ कन्स्ट्रक्सन** | **बराउँ साजबाझ सिर्सि तारी कृषि स८क निर्माण** | **९,९९,९८५** | **९,१९,९०५** |
| २ | **जय बासुलिङ निर्माण सेवा** | **घाङ्ल बिठारा फास्ट ट्र्याक सडक निर्माण** | **२,५०,४२१** | **२,४५,७८५** |
| ३ | **एस के कन्स्ट्रक्सन** | **पुरान गाडेसेला सिर्सि कृर्षि सडक निर्माण** | **६,७१,८३८** | **६,४७,५१२** |
| ४ | **डि. एस. कन्स्ट्रक्सन** | **संकलन केन्द्र निर्माण वडा नं. ४** | **६.७९,६३०** | **६,७४,६१२** |
| **जम्मा** | | | **२६,०१,८७४** | **२४,८७,८१४** |

## ६६ मालसमान तथा उपकरण खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरिक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| क्र. सं. | भौ.नं. र मिति | आपूर्तिकर्ता | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १९(२०८१।८।५) | डि.वि.ट्रेड लिङ्क | सि.सि.टि.भि.क्यामरा खरिद | १,९९,३५० |
| २ | ८८(२०८२।२।३१) | गोदावरी मेडिसिन सप्लायर्स | X-Ray खरिद | १५,९६,००० |

## ६७ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनमा आधारित प्राविधिक नापजाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। घाङ्गल सुनालेक सडक निर्माण (05/BRM/NCB/W/2080-081) कार्यको लागि लागि पालिका र प्रश्ना कन्स्ट्रक्सन विच रू. २३,१५,१६४।०० (मू. अ कर र पि.एस. सहित) मिति २०८१।३।१६मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा अन्तिम विल भुक्तानीमा विल रकम रू.२१,४५,४९६।०० बाट पेश्की रू. ४,००,०००।०० घटाई रू. १७,४५,४९६।०० भुक्तानी हुनुपर्नेमा पेश्की नघटाई सम्पूर्ण रकम भुक्तानी भएकोले पेश्की बापतको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००,००० |

## ६८ गरिबसँग विश्वेश्वर कार्यक्रममा अनुदान (२६४-2082-03-22):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने तथा खर्च गर्दा रीत पुगे नपुगेको यकिन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। साथै संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।४।१० चलानी नं. ६ मा गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन सम्बन्धमा गरेको परिपत्र अनुसार विपन्न परीवारबाट गठन भएका समुह/संस्थाको माग बमोजिम स-सना ग्रामिण पुर्वाधार विकास जस्तै खानेपानि, सिँचाई, कुलो, कुवा/ईनार मर्मत. बाटोघाटो, शुलभ शौचालय तथा उत्पादनमुखी र आय आर्जन हुने खालका कार्यक्रम कार्यान्वियन गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत ग्रामिण समाज नेपाललाई रु. २ लाख भुक्तानी गरेकोमा श्रेस्ता परीक्षण गर्दा दुना टपरी बनाउने Crank Machine १ थान रु.१,५०,०००।०० र डाई १ थान रु. २०,०००।०० र ढुवानी तथा प्रशिक्षणको रु.

३०,०००।०० सहित कूल रु. ३ लाख भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाले यकिन उल्लेखित व्यवस्था अनुरुप भए नभएको यकिन गर्नुपर्दछ ।

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वटा योजनामा रोजगार कार्यक्रमबाट ७५ जनालाई प्रति श्रमिकलाई औषतमा १०० दिन रोजगारी उपलव्ध गराई रु. ५०,१०,०००।०० श्रमिक ज्याला भुक्तानी गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बडीकेदार गाउँपालिका, डोटी , बडीकेदार गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०८१-०८-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युव राज भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०९५,३१९ | ५,४२६,५०५ | १,०३४,१४८.१२ | ० | ० | १५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७,७०५,९७२.१२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४६८,४३७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७,२३७,५३५.१२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४७६११२६९.६२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६३९९४७०८ | चालु खर्च | २७९२२६१०७.३३ |
| प्रदेश सरकारबाट अनुदान | २४६१३६१४ | पूँजीगत खर्च | ९२०४८६७९.७८ |
| राजश्व बाँडफाँट | ७८८३८६५७.१८ | वित्तीय/अन्य व्यवस्था | ११५७४३८६७.३१ |
| आन्तरिक आय | ४०५६८७७.९१ | | |
| अन्य आय | ९६१७५१७७ | | |
| कुल आय | ४६७६७९०३४.०९ | कुल खर्च | ४८७०१८६५४.४२ |
| बाँकी मौज्दात | | २८२७१६४९.२९ | |

**अनुसूची - २**

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।